नीति अनुसन्धान प्रतिष्ठान
Policy Research Institute
(नेपाल सरकारको विशेषज्ञ समूह)

प.सं. :-
च.नं. :-

नीति अनुसन्धान प्रतिष्ठान

मिति :-

इन्टर्न छनोटको विधि तथा सूचकगत अङ्कभार, २०८२

प्रथम चरण (लघुसूचिका लागि)

१) योग्यतासूचि – प्राप्त दरखास्तहरूलाई देहायका सूचकहरूको आधारमा निम्न बमोजिम अङ्क प्रदान गरी मूल्याङ्कन गरेर योग्यता सूची तयार गरिनेछ । साथै, यही सूचिबाट हरेक केन्द्र/विभागका लागि न्यूनतम् ३ जना उत्कृष्ट उम्मेदवारलाई लघुसूचिमा राखी सीप परीक्षण तथा अन्तर्वार्ताको लागि बोलाइने छ ।

सूचकगत अङ्कभार

| क.सं. | सूचक | अङ्कभार | अङ्क दिने विधि |
|---|---|---|---|
| १. | निबन्ध* | २० | मूल्याङ्कनकर्ताले मूल्याङ्कन गरी अङ्क दिए बमोजिम |
| २. | शैक्षिक योग्यता** | १० | तोकिएको विषय – १० अङ्क |
| | | | तोकिएको विषयसँग विषयगत निकटता रहेको – ५ अङ्क |
| | | | विषय असान्दर्भिक भएमा – अङ्क नदिईने |
| ३. | अनुसन्धान अनुभव*** | १५ | दिईएका तीन प्रकारका अनुभवहरूमध्ये जुनसुकै क्रियाकलापका लागि ३ अङ्क प्रति क्रियाकलापका दरले |
| ४ | समावेशिता | ५ | महिलाका लागि – २ अङ्क |
| | | | आदिवासी जनजाती, मधेसी, दलित, अपाङ्ग, पिछडिएको क्षेत्र र अल्प सङ्ख्यक समुदाय सहित अन्यका लागि बहु-समावेशिताको आधार हेरी हरेकको – १ अङ्क |

द्रष्ट्व्य :

* निबन्ध : उम्मेदवारले ८०० देखि १००० शब्दसम्ममा आफू, आफ्नो योग्यता र पेशागत लक्ष्य सम्वन्धमा लेखेको निबन्ध

**शैक्षिक योग्यता सम्बद्ध तोकिएका विषयहरू निम्नानुसार रहेका छन् :

(क) दरखास्त आवेदनको सुचनामा उल्लेख भए अनुसार

*** देहायका क्रियाकलापलाई अनुसन्धान अनुभव मान्नुपर्दछ :

(क) इन्टर्नशिपको अनुभव

(ख) अनुसन्धान सहायक, इनुमरेटर, सर्वेक्षक आदि भइ काम गरेको अनुभव

(ग) जर्नल/श्वेतपत्र/पोलिसी ब्रिफ/अनुसन्धान प्रतिवेदन आदिमा प्रकाशित शोधलेख (लेखक वा सह-लेखक भएको)



नारायणहिटी, काठमाडौं, नेपाल
फोन: ००९७७-१-४५३०५१७/४५३४९७९
Narayanhiti, Kathmandu, Nepal
Tel: 00977-1- 4530517, 4534979
Email: info@pri.gov.np
Website: www.pri.gov.np

द्वितीय चरण (अन्तिम छनोटका लागि)

१) सीप परीक्षण – सीप परीक्षणको लागि देहायको अङ्कभार छुट्याइएको छ।

| क्र.सं. | सूचक | स्तर | अङ्क | पूर्णाङ्क |
|---|---|---|---|---|
| १. | तथ्याङ्क विश्लेषण र निष्कर्ष लेखन | अति उत्तम | ३१-४० | ४० |
| | | उत्तम | २१-३० | |
| | | सन्तोषजनक | ११-२० | |
| | | अयोग्य | १० वा १० भन्दा कम | |
| २ | अफिस एप्लिकेशनहरूको प्रयोग दक्षता (नेपाली र अङ्ग्रेजी दुवै भाषाको परीक्षण पनि एकैसाथ हुने) | अति उत्तम | २१-३० | ३० |
| | | उत्तम | १६-२० | |
| | | सन्तोषजनक | ११-१५ | |
| | | अयोग्य | १० वा १० भन्दा कम | |
| जम्मा | | | | ७० |

२) अन्तर्वार्ता

| क्र.सं. | सूचक | स्तर | अङ्क | पूर्णाङ्क |
|---|---|---|---|---|
| १ | अन्तर्वार्ता | विषयगत ज्ञान | ०-१० | ३० |
| | | सार्वजनिक नीति सम्बन्धी ज्ञान | ०-१० | |
| | | विश्लेषण क्षमता | ०-१० | |
| जम्मा | | | | ३० |

द्रष्टब्य : अन्तर्वार्ताको अङ्क छनोट समितिका संयोजक तथा सदस्यहरूले छुट्टाछुट्टै दिनेछन् । त्यस्ता सबै अङ्कहरू मध्ये संयोजकको ६०% र सदस्यहरूको ४०% लाई औषत् बनाई अन्तर्वार्ताको अन्तिम अङ्क गणना गरिनेछ ।

३) अन्तिम छनोट

क) लघुसूचिमा परेका उम्मेदवारहरूको सीप परीक्षण तथा अन्तर्वार्ताको अङ्कको आधारमा उच्चतम् अङ्क प्राप्त गर्ने उम्मेदवारलाई अन्तिम छनोट गरिनेछ ।

ख) योग्यताक्रममा दोस्रो र तेस्रो उच्च अङ्क प्राप्त गर्ने उम्मेदवारलाई वैकल्पिक उम्मेदवारको रूपमा प्रतीक्षा सूचिमा राखिनेछ ।

ग) वैकल्पिक उम्मेदवारका हकमा प्रतिक्षा सूचीको मान्य अवधि ६ महिनासम्म रहनेछ ।



नारायणहिटी, काठमाडौं, नेपाल
फोन: ००९७७-१-४५३०५१७/४५३४९७९
Narayanhiti, Kathmandu, Nepal
Tel: 00977-1- 4530517, 4534979
Email: info@pri.gov.np
Website: www.pri.gov.np